# सुनकोशी गाउँपालिकाको शिक्षा सम्बन्धी कार्यविधि २०७५ (पहिलो संशोधन २०८० सहित)

**प्रस्तावना :**

देश विकासको सन्दर्भमा सबै बालबालिकाहरुको लागि गुणस्तरीय शिक्षा र युवाहरुको जीवन पर्यन्त सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त. उत्पादनमुलक जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी, आत्मनिर्भरसम्वृद्धि र सभ्य समाज निर्माणको लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न तथा शतप्रतिशत बालवालिकाहरुको शिक्षालाई सर्वसलब गुणस्तरीय र समय सापेक्ष बनाउदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक र समाजवाद उन्मुख समाज निर्माण प्रति प्रतिवद्ध व्यवस्था अनुकुल सर्वसाधरण जनताको सदाचार शिष्टाचार र नैतिकता कायम राख्न परिवर्तित सन्दर्भमा यस गाउँपालिकाको विद्यालय शिक्षालाई व्यवस्थित र विकास गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा ३१ को शिक्षा सम्बन्धी मैलिक हक धारा ५७ को अनुसुचि ८ को शिक्षा सम्बन्धी व्यवस्थाले आफ्नो गाउँ भित्रको माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अभिभारा गाउँपालिकाको भएको छ।

सुनकोशी गाउँपालिकाले विद्यालयको शैक्षिक बातावरण स्वच्छ र सूचकम आधारित भई शिक्षक अभिभावक र विद्यार्थीको सहकार्यमा शैक्षिक व्यवस्थापन गर्न यस गाउँ पालिकाले परिच्छेद १३ नियम नं ३१ बमोजिम यो कार्यविधि जारी गरेको छ।

परिच्छेद १

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यस कार्यविधिको नाम 'स्थानिय शिक्षा कार्यविधि २०७५ रहेको छ
(२) यो कार्यविधि सिन्धुली जिल्ला सुनकोशी गाउँपालिकामा लागु हुनेछ ।
(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

## २ परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।
(ख) "प्राथमिक शिक्षा भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।
(ग) निम्न माध्यमिक शिक्षा भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।
(प) माध्यमिक शिक्षा भन्नाले कक्षा नौदेखि कक्षा माहसम्म दिइने शिक्षा सम्झनु पर्छ।
(ङ) "विद्यालय शिक्षा" भन्नाले शिशु कक्षा देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनपर्छ ।
(च) "गाउपालिका" भन्नाले सिन्धुली जिल्लाको सुनकोशी गाउँ कार्यपालिका सम्झनपर्छ ।
(छ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक पाहता, सुस्तश्रवण वा अति असक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्दछ ।
(झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।
(ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(त) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(द) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट मिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(ध) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(न) "गाउँ शिक्षा समिति" भन्नाले सुनकोशी गाउँ शिक्षा समितिलाई जनाउछ ।

परिच्छेद- २

## ३. विद्यालय संचालन गर्न अनुमति लिन देहाय बमोजिमका प्रक्रिया अबलम्बन गर्नुपर्ने छ

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर सुनकोशी गाउँपालिकाको शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी आधारभूत र माध्यमिक तहको अनुमति गाउँशिक्षा समितिले -... अनुमति दिनेछ । जुनसुकै विद्यालयको स्वीकृति दिदा पनि स्कूल जोनिङ, नक्सांकन, तथा मिलानको आधारमा मात्र निर्णय लिइनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालना गरेको देखिएमा सिफारिसमा आधारभूत र माध्यमिक तहको स्वीकृती शिक्षा समितिले -... स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा सुनकोशी गाउँपालिकाको शिक्षा शाखाले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय

सन्चालन गर्न आधारभूत र माध्यमिक तहका गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस कार्यविधि वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा टुष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पांचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम सामाजिक परीक्षण गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेपपछि काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हिकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई वडा समितिको सिफारिस सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसंग सम्भौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।

**४. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थपघट गर्न सक्ने :**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेको र *कक्षा १-३ मा १५ र कक्षा १-५ मा* २० भन्दा कम विद्यार्थी संख्या रहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी वा कक्षा घटाई सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर एक शैक्षिकशत्रमा १ कक्षा मात्र थप गर्न अनुमति दिइनेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकाम स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन ।

**५) विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्थापन**

५.१ कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तीमा २ महिना अगावै शिक्षा युवा तथा खेलकुद शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

५.२ उपनियम १ बमोजिम निवेदन परेमा शिक्षा शाखाले थप हुने कक्षाको लागि देहाय बमोजिमको पूर्वाधार पूरा भए नभएको सम्बन्धमा आवश्यक जाँच बुझ गर्नेछ र जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा शैक्षिक सत्र शुरु हुनु अगावै शिक्षा शाखाको सिफारिसमा प्रत्येक वर्ष एक कक्षाको दरले कक्षा थप गर्न अनुमति दिनु पर्नेछ ।

क) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाइको र घाम तथा पानीवाट बचाउ हुने किसिमको हुनु पर्ने ।

ख) कक्षागत क्षेत्रफल पूर्व प्राथमिक र प्राथमिक विद्यालयको (१ देखि ५ सम्म) हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर तथा आधारभूत (६ देखि ८ सम्म) र मा.वि. (९ र १०) को हकमा १.०० वर्ग मिटर भन्दा कम हुन नहुने ।

ग) पूर्व प्राथमिक विद्यालयमा बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनु पर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एककम्पार्टमेन्ट थप हुनु पर्ने ।

घ) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बरावर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने ।

(ङ) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामाग्रीहरुको व्यवस्था हुनु पर्ने ।

च) सम्पूर्ण विद्याथीहरु एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने ।

छ) पाठ्यक्रम अनुसारको विज्ञान सामाग्रीको व्यवस्था हुनु पर्ने ।

ज) सामुदायीक विद्यालयमा प्रत्येक कक्षामा २५, संस्थागत विद्यालयमा प्रत्येक कक्षामा २५ जना हुनु पर्ने ।

(झ) सामुदायिक विद्यालयमा उपलब्ध दरबन्दी र विद्यार्थी संख्या समेतका आधारमा कम्तीमा देहाय वमोजिमको शिक्षकको व्यवस्था हुनु पर्नेछ ।

- माध्यामिक तहको लागि (९-१०) -५ जना सम्म
- निम्न माध्यामिक तहको लागि (६-८) -४ जना सम्म
- प्राथमिक तहको लागि (१-३) -२ जना सम्म
- प्राथमिक तहको लागि (१-५) -४ जना सम्म
- पूर्व प्राथमिक तहको लागि -२ जना सम्म

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १ः १.४ हुनु पर्नेछ।

ञ) विद्यालयको स्थायी आयश्रोत हुनु पर्ने ।

ट) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने ।

ठ) आवसीय विद्यालयको लागि आवास भवन हुनुपर्ने ।

द विद्यालयलाई कम्पाउड वालले घेरिएको हुनु पर्ने ।

द) भाडाको भवनमा विद्यालय सञ्चालन गर्ने भए कम्तीमा ५ पाँच वर्षको घर भाडा सम्बन्धी सम्झौता भएको हुनुपर्ने ।

## परिच्छेद- ३

**५. गाउँ शिक्षा समिति :**

१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँपालिकाको प्रमुख | - अध्यक्ष |
| क१. गाउँपालिकाको उपप्रमुख | - सदस्य |
| ख. गाउँ कार्य पालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक | - सदस्य |
| ग. गाउँ पालिकाले तोकेको गाउँ सभाका सदस्यहरु मध्येबाट एकजना | - सदस्य |
| घ. विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट समितिले मनोनित गरेको एकजना | - सदस्य |
| ङ. समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट गाउँपालीकाले मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुई जना | -सदस्य |
| च. गाउँपालिका मित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ. हरुले आफुहरुमध्येबाट छनौट गरी पठाएको एक महिला सहित तीन जना | -सदस्य |
| छ गाउँ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| ज. नेपाल शिक्षक महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | -सदस्य |
| ञ. गाउँपालिकाले तोकेको गाउँ कार्यपालिकाको सदस्यहरुमध्येबाट एक जना महिला सहित २ जना | - सदस्य |
| ट. गाउँपालिकाको शिक्षा शाखा प्रमुख | - सदस्य सचिव |

२. समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

३ उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

**६. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) आफनो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृत, विद्यालय साने, गाम्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

घ) आफ्नो क्षेत्रमा सन्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने

ङ) विद्यालयहरूको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापन भएका आफ्नो योतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

ज) विद्यालयको लागि आवश्यक साधान श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

झ) शिक्षाको गुणस्तर कायम राख्ने सुचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

ञ) विद्यालयको सामाजिक परीक्षण गराउने ।

द) सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

ठ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

ड) शैक्षिक गुठीसंग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

ढ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारववही गर्ने गराउने ।

ण) विशेषज्ञहरुको छनोट गरेर सुची प्रकाशन गर्ने ।

त) अन्य तोकिए वमोजिमका कार्यहरु गर्ने ।

थ गाउँपालिकाभित्रको स्वीकृत शैक्षिक योजना अनुरूपको विद्यायको शैक्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने ।

द) गाउँ पालिका भित्र स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न व्यवस्थापन समिति मार्फत शैक्षिक कार्यक्रम कार्यन्वयन गराउने ।

(ध) गाउँपालिका भित्रको विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताका लागि गाउँपालिका र प्रदेश, संघ र अन्य निकायहरुमा सिफारिस गर्ने ।

न) गाउँपालिका भित्रको शिक्षक तथा विद्यार्थी कल्याणका लागि आवश्यक कार्यक्रम बनाउने

प) गाउँपालिकाभित्रको विद्यालयको सम्पतिको सुरक्षा गर्ने तथा विद्यार्थीहरुको समृद्धिको लागि आवश्यक व्यवस्थापन गर्ने ।

(फ) गाउँपालिकास्तरीय शैक्षिक गुणस्तर वृद्धिका लागि सेमिनार, सम्मेलन, प्रशिक्षण, तालिम, प्रदर्शनीहरु संचालन गर्ने ।

(ब) गाउँपालिकाभित्रको विद्यालयको विकासको लागि संचालित शैक्षिक कार्यक्रमलाई राहयोग गर्ने ।

भ) पा.पा. भित्र नियुक्त भएका लेखा परीक्षकहरुले दिएका विद्यालयको लेखा रीक्षण प्रतिवेदनका आधारमा आवश्यक कारवाही गर्ने, गराउने ।

म) गाउँपालिकाभित्रको विद्यालयहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन पहल गर्ने ।

य) गाउँपालिकामित्रका विद्यालयहरुमा लोकतान्त्रिक प्रगतिशील संस्कार र जागरण संचालन गराउन सोही अनुरुपको कार्यक्रमहरु सञ्चालन गर्ने ।

र) गाउँपालिकामित्रका विद्यालयहरु बन्द गर्ने सम्बन्धमा स्वीकृतको लागि कार्यपालिकामा पठाउने ।

ल) गाउँपालिकाभित्रको विद्यालयहरुमा शैक्षिक क्यालेण्डर बनाई सोही अनुरुप विद्यालय संचालन गर्न वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति लाई निर्देशन दिने ।

ब) गाउँपालिका भित्रका विद्यालयहरुमा संगीत, खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमहरुको संचालन गर्न व्यवस्था गर्न आवश्यक आर्थिक स्रोत जुटाउने र गतिशिल, रचनात्मक र सृजनात्मक युवा शक्ति निर्माण गर्न विशेष योजना निर्माण गर्ने ।

**७ गाउँ शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि :**

क) गाउँ शिक्षा समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(ख) गाउँ शिक्षा समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

ग) गाउँ शिक्षा समितिको बैठकमा गा.शि.स.का एकतिहाइ सदस्यले लिखित अनुराधे गरेमा अनुरोध पत्र प्राप्त मितिले बढीमा सात दिन भित्र सदस्य सचिवले जहिलेसुकै बोलाउनु पर्नेछ ।

घ) गाउँ शिक्षा समितिको बैठकमा छलफल हुने विषयवस्तु अध्यक्षको निर्देशनमा सदस्य सचिवले तयार पारी साधारणतय ४८ घण्टा अगावै सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

ङ) गाउँ शिक्षा समितिको तत्काल कायम रहेको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गण पुरक संख्या मानिने छ । यदि गणपुरक संख्या नपुगेमा पुनः कम्तीमा ३ दिनको समय राखी अर्को बैठक बोलाउन सक्ने छ । यसरी बोलाइएको बैठकमा एक तिहाई सदस्य गणपुरक संख्या मानिनेछ।

(च) गाउँ शिक्षा समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा सदस्यहरुले आफुहरु मध्येबाट छानिएको सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

छ) गाउँ शिक्षा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षको निर्णय अन्तिम हुनेछ ।

ज) गाउँ शिक्षा समितिको वैठकको कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ । वैठकमा भाग लिए वापत गाउँ शिक्षा समितिका सदस्यहरुले गाउँ कार्यपालिकाले तोके बमोजिम बैठक भत्ता पाउने छन।

**८. वडा शिक्षा समिति गठन र काम, कर्तव्य र अधिकार**

वडा भित्रको विद्यालय तथा शैक्षिक निकायको रेखदेख, समन्वय, व्यवस्थापन र विकास गर्नको लागि देहाय बमोजिमको वडा शिक्षा समिति गठन गरीने छ ।

| | |
|---|---|
| क. सम्बन्धित वडाको वडा अध्यक्ष | - अध्यक्ष |
| ख. वडा समितिका सदस्य मध्येबाट वडा समितिले तोकेको महिला एक जना | - सदस्य |
| ग. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट छानी पठाएको एक जना र अभिभावक संघका अध्यक्षहरुमध्ये बाट छानी पठाएको एक जना गरि दुई जना | - सदस्य |
| ग१ वडा भित्रका विद्यालयहरुका शिक्षक/ प्रधानाध्यापकहरुमध्ये एकजना महिला सहित समितिले मनोनित गरेको दुईजना | - सदस्य |
| घ. सम्बन्धित वडा भित्र संचालीत उच्चतम तहको समुदायीक विद्यालयको प्रधानाध्यापक | - सदस्य सचिव |

**वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार**

क) वडा भित्रको शैक्षिक योजना तयार गर्ने,

ख) आफ्नो क्षेत्र भित्र सञ्चालित परीक्षालाई मर्यादित, भयरहित र विश्वसनिय बनाउन सहयोग गर्ने,

ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन गर्ने,

घ) विद्यालयको लागि आवश्यक स्रोत साधन जुटाई आवश्यतानुसार परिचालन गर्ने

ङ) विद्यायलको नियमित अनुगमन र निरिक्षण गर्ने गराउने

च) वडा भित्रका सामुदायीक विद्यालयहरुलाई जोनिङ तथा नक्सांकनको आधारमा विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह कक्षा थप घट गर्न गाउँ शिक्षा समितिमा सिफारीस गर्ने,

छ) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने

ज) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने,

ञ) गाउँ शिक्षा समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने

ट) वडा शिक्षा समितिले आफ्नो बैठक सम्बन्धि कार्य विधि अफैले निर्धाण गर्ने छ ।

**९. विद्यालय व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :**

१) सामुदायिक विद्यालयको संचालन, रेखदेख, र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) अभिभावकहरुले आफुहरुमध्ये बाट ५ जना छानी पठाएका (महिला, दलित, जनजाति पर्नेगरि) मध्ये बहुमत समर्थन प्राप्त गर्ने एक जना - अध्यक्ष

ख) विद्यालय रहेको सम्बन्धित वडाको जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना - सदस्य

ग) सम्बन्धित वडाको गाउँ पालिकाबाट तोकिएको शिक्षासँग सम्बन्धित एक जना - सदस्य

घ) विद्यालय संस्थापक, स्थानीय बुद्धिजीवि, शिक्षाप्रेमी विद्यालयलाई निरन्तर सहयोग गरेका व्यक्तिहरुमध्येबाट गाउँ शिक्षा समितिले / वडा शिक्षा समितिले मनोनीत गरेको एक जना - सदस्य

ड) शिक्षकहरुले आफुमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि एक जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

१) विद्यालय व्यवस्थापन समितिको बैठकमा शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख र स्रोत व्यक्तिले परिवेक्षकको रुपमा भाग लिन पाउने छन् तर वर्षमा कम्तीमा दुईवटा बैठकमा स्रोत व्यक्तिलाई अमन्त्रण गरिनेछ ।

२) अभिभावक भन्नाले विद्यालयमा अध्ययन गर्ने बालविकास देखि कक्षा १२ सम्मका विद्यार्थीका बाबु, आमा, दाजु, दिदि, भाउजु बाजे, बजैलाई मात्र जनाउछ ।

२. क) उपदफा १ अनुसार अभिभभावक नभएमा सगोलको घरमुली सम्भव भएसम्म बढी शिक्षित जेष्ठ व्यक्ति वा लालन पालन र पठनपाठनको व्यवस्था मिलाउन एकाघरको जो कोही १ जना व्यक्तिलाई मात्र जनाउछ। तर अनाथ टुहुरा, मावल वा अर्काको घरमा बसी कामकाज गरी अध्ययन गर्नेको हकमा भने बसोबास तथा लालन पालन र पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई जनाउछ ।

ख) विवाहित श्रीमति सामुदायिक विद्यालयमा अध्ययन गर्ने भएमा निजको श्रीमान नै अभिभावक मानिने छ । तर विवाहित श्रीमान सामुदायिक विद्यालयमा अध्ययन गर्ने भएमा उपदफा १ बमोजिम हुने छ ।

(३) उपदफा १ बमोजिम छानियका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । वि.व्य.स. अध्यक्ष हुन सम्बन्धीत तह उत्तीर्ण गरी २५ वर्ष उमेर पूरा भएको हुनु पर्नेछ तर त्यस्तो व्यक्ति नभएमा वा बस्न नमानेमा एकतह कम योग्यताको समेत राख्न सकिने छ । अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसार को आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सम्नेछ। तर त्यसरी पदबाट अटाउनु अघि वा समिति विघटन गर्नु अधि आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

यो संशोधित कार्यविधि लागु भएपछि गठन हुने समितिको हकमा तीनबर्षे कार्यकाल लागु हुनेछ ।

(४) सामुदायीक विद्यालयको व्यवस्थापन समिति गठन गर्न, प्रधानाध्यापकलाई सहयोग गर्न निम्न अनुसारको गठन सहयोग समिति गठन गरिनेछ ।

क) गाउँपालिका शिक्षा शाखाको प्रतिनिधि - संयोजक

घ) वडा समितिले मनोनित गरेको सो समितिको एक जना - सदस्य

ड) गठन हुने विद्यालयको प्र.अ. - सदस्य सचिव

(५) विद्यालय व्यवस्थापन समिति गठनको लागि शिक्षा कार्य विधिको दफा (२) (२क) र (२ख) बमोजिमका अभिभावकहरुको नामावली ७ (सात) दिन अगाडी विद्यालयले आफ्नो सुचना पार्टीमा प्रकाशित गरिनेछ ।

६) दफा ५ बमोजिक प्रकाशित नामावलीमा दावी विरोध, सच्याउने, नाम थपघट गर्ने समय तीन दिन हुनेछ ।

७) गठनको तीन दिन अगाडी सार्वजनिक सुचना गाउँपालिका, वडा कार्यालय, सार्वजनिक सूचना स्थलमा सूचना टाँस र स्थानिय सञ्चार माध्यममा प्रकाशित गरिनेछ ।

८) गठन हुने दिन बिहान १०:०० बजे प्रारम्भ भई गठन समितिले छनोट गरेको प्रक्रिया अनुसार व्यवस्थापन समिति गठन गरिनेछ ।

१०. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने ।

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको विद्यालयको वातावरण धमिल्याउन नदिने ।

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएको शिक्षकलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारी व्यवस्थापन गर्ने ।

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने।

झ) गाउँ शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने ।

ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र पो प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धीत गाउंपालिका र गाउँ शिक्षा समितिको दिएको निर्देशनहरूको पालना गर्ने, गराउने ।

ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने ।

ड) तोकिए वमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने ।

ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

त) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने ।

थ) नेपाल सरकार वा गाउँपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलव भत्ता प्रदान गर्ने ।

द) वि.व्य.स. पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ ।

ध) तोकिए वमोजिमका अन्य कार्य गर्ने ।

न) विद्यालयमा शिक्षकको पद रिक्त हुन आएमा पद पुर्तिको लागि सो पद रिक्त भएको मितिले १५ दिन भित्र गाउँ शिक्षा समितिमा लेखि पठाउने ।

**११. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने**

१. कुनै विद्यालय व्यवस्थापन समितिले सन्तोषजनक कार्य गर्न नसकेमा, विद्यालयको हित विपरित कार्य गरेमा, त्यस्तो वि.व्य.स. लाई गाउँपालिकाले विघटन गर्न सक्ने छ । तर त्यसरी विघटन गर्नु अघि वि.व्य.स.लाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।

२. यस अघि गठित वि.व्य.स. यसै कार्यविधि प्रारम्भ भएको मितिले विघटन भएको मानिनेछ । दुई महिना भित्र यस कार्यविधि बमोजिम वि.व्य.स. गठन गरि सक्नु पर्नेछ ।

**१२. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था**

(१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ

(क) अभिभावकहरूको भेलावाट छनौट गरेको व्यक्ति ` -अध्यक्ष

(ख) अभिभावकले आफुमध्येबाट छानेको दुई जना महिला सहित ३ जना - सदस्य

(ग) वडा समितिले मनोनित गरेको १ जना - सदस्य

(घ) वि.व्य.स.ले मनोनित गरेको एक महिला सहित २ जना - सदस्य

(ङ.) माथिल्लो कक्षाको छात्रा र छात्रमध्ये १ जना - सदस्य

(च) प्र.अ. ले तोकेको शिक्षक - सदस्य सचिव

(२) उपनियम (१) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

३) उपनियम (१) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४) उपनियम (१) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय. बमोजिम हुनेछ :

क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

ख) यस कार्यविधि बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

ग) विद्यालयको शैक्षिक गतिविधिवारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने।

५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

**१३. गठन विधि**

विद्यालयले तलको ढाचामा आफ्नो विद्यालयको अभिभावक, बाबु, आमा, बाजे बजै दाजु दिदीको नाम प्रकाशित गर्नेछ ।

| क्र. स. | विद्यार्थीको नाम | कक्षा | ठेगाना | बाबु/आमाको नाम | बजे/बजैको नाम | दाजु/दिदीको नाम | भर्ना गर्न ल्याउने व्यक्ति को नाम | भर्ना साल |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

कक्षा

शिक्षक

प्र.अ.

वि.व्य.स. गठन गरेकै दिन शिक्षक अभिभावक संग गठन गर्ने दिन तोकी सुचना प्रकाशित गर्ने ।
भिभावकले भेलाबाट शिक्षक-अभिभावक संघको अध्यक्ष र महिला सदस्य सर्वसम्मतीबाट छनोट गर्ने । यसरी छनोट हुन नसके इच्छुक उमेद्धारहरुलाई प्रस्ताव गरी उमेद्धार अनुसार अभिभावकको नामावली सिट बनाउने र विद्यालयको छुट्टा छुट्टै कोठामा राखी ३० मि. समयमा आ-आफ्ना उमेदवारको सिटमा दस्तखत गर्न अनुरोध गर्ने । दस्तखतको समय सकिए पछि प्रत्येक उमेद्वारको सिट संकलन गरी जस्को सिटमा बढी दस्तखत हुन्छ उसैलाई विजय भएको घोषणा गर्ने ।

परिच्छेद- ४

## १४. गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्नेः

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, विषय र सञ्चालित कक्षाका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(३) आधारभूत तह कक्षा १-३ चलेको विद्यालयमा २ जनासम्म १-४ चलेको विद्यालयमा विद्यार्थी संख्याका आधारमा ३ जनासम्म हुन सक्ने, १-५ चलेकोमा ४ जनासम्म, १-८ चलेकोमा ७ जनासम्म र माध्यामिक तहमा विषयको आधारमा शिक्षकको व्यवस्था हुनेछ ।

(४) शिक्षक विद्यार्थी अनुपात समान्यतया १:२० हुनेछ ।

(५) माथि (२) र (३) बमोजिम नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राखु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा गाउपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ ।

## १५. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता निम्नानुसार हुनेछ :

क. स्थायी अध्यापन अनमती पत्र लिनु पर्ने :

ख. अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैनन् ।

तर माध्यमिक तथा निम्न माध्यमिक तहमा स्थानीय अनुदान तथा संघीय शिक्षण सहयोग अनुदानमा अंग्रेजी गणित तथा विज्ञान विषयमा पहिलो पटकको विज्ञापनमा अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको आवेदन नपरेमा दोस्रो पटकको विज्ञापनमा अध्यापन अनुमति पत्र नभएको सम्बन्धित शैक्षिक योग्यता पुगेको व्यक्ति पनि उम्मेदवार हुन सक्नेछ । विना अध्यापन अनुमति प्राप्त शिक्षक नियुक्ति भएमा शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्रको विज्ञापन नगरेको अवस्थामा वाहेक १ बर्षभित्र अध्यापन अनुमति पत्र पेश गर्नु पर्नेछ।

१६. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कारबाही गर्न गाउँपालिकामा सिफारिस गर्नेछ :-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध दिनभन्दा वढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारी पदमा रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्ष भित्रको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा,

(ज) आफुले पढाएको विषयमा गाउँपलिकाले तोकेको गुणस्तरभन्दा कम उपलब्धी भएमा

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई कारवाही गर्न पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई कारबाही गर्न सक्ने छ । तर कारवाही गर्नु अघि मनासिव स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

परिच्छेद ५

**१७. करारमा शिक्षक नियुक्ति, शिक्षकको सरुवा, प्रधानाध्यापक कार्य सम्पादन करार सम्बन्धी**

करारमा शिक्षक नियुक्ति गर्दा देहायको प्रकृया अबलम्बन गर्नु पर्ने छ ।

करारमा शिक्षक नियुक्ति गर्न देहाय बमोजिमको विज्ञको सुचि गाउँपालिकाले निर्माण गर्नेछ :

१) आधारभुत तह कक्षा १-५ को लागि सम्बन्धीत तहमा नियुक्ति भई २ वर्ष स्थायी सेवा गरेको, कम्तिमा शिक्षाशास्त्रमा स्नातक तह वा सो सरह योग्यता भई १० महिने वा सो सरह तालिम प्राप्त र हुनु पर्नेछ ।

२) आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहको लागि माध्यमिक तहमा सम्बन्धीत विषयमा नियुक्ति भई २ वर्ष सेवा गरेको शिक्षाशास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई तालिम प्राप्त हुनु पर्नेछ । आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहको लागि विज्ञ उपलब्ध नभएमा अन्य पालिकामा सूचिकृत विज्ञहरुलाई समेत प्रयोग गर्न सकिने छ ।

३) विज्ञको समुहको नाम, ठेगाना र मोबाइल नं. समेत राख्ने ।

४) गाउँपालिकामा रिक्त हुने शिक्षकको समय तालिका निर्माण गर्ने ।

५) गाउँपालिकामित्र करार शिक्षक छनोटको मासिक तालिका तयार गर्ने ।

६) शिक्षक छनोटमा शिक्षक सेवा आयोगको पाठ्यक्रमको आधारमा गर्ने ।

६ क. प्रथम पत्रको प्रश्नपत्रको लागि विज्ञहरुद्वारा प्रश्नपत्र बैङ्क तयार गरी सोही बैङ्कबाट गोलाप्रथाद्वारा कुनै सेट छनौट गरी प्रयोग गर्न सकिनेछ ।

(७) विज्ञको क्र.स. चिठ्ठा राखी गोलाप्रथाबाट एक विज्ञापनको लागि २ जनासम्म विज्ञको छनोट गर्ने ।

८) शिक्षक छनोटको विज्ञलाई परीक्षा संचालन हुनु भन्दा ५ घण्टा अगाडि मोबाइलबाट सम्पर्क गरि बोलाउने ।

९) विज्ञ छनोट गर्दा जुन विद्यालयको शिक्षक छनोट गर्ने हो त्यस विद्यालयको शिक्षक र परीक्षार्थीको नातेदार छ भने त्यसलाई छनोटमा समावेश नगर्ने ।

११) परीक्षा सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ छनौट समितिका सदस्यहरुलाई परीक्षा सञ्चालन भएको दिन दैनिक रु. २५०० का दरले सहायक कार्मचारीलाई दैनिक रु. २००० र सहयोगी कर्मचारीले दैनिक रु. १२०० भत्ता उपलब्ध गराइने छ । विज्ञलाई प्रश्नपत्र निर्माण गरेवापत प्रति प्रश्नपत्र रु. २००० उपलब्ध गराइने छ। समितिका सदस्यहरुले परीक्षा सञ्चालनको दिन बाहेक अन्य बैठक बापत नियमानुसर बैठक भत्ता पाउने छन ।

१२) छनोटको प्रश्नपत्र निर्माण गर्दा पूर्ण गोपनियता कायम गर्ने ।

(१३) प्रश्न पत्र निर्माण गर्ने लाहाछापलाई खामबन्दी गरेर परीक्षा सञ्चालकले बुझि परीक्षा केन्द्रमा पुगे पछि मात्र विज्ञलाई बाहिर जान दिने ।

(१४) सामुदायिक विद्यालयका शिक्षकलाई आवस्यकता अनुसार तथा कार्यसम्पादनको आधारमा एक विद्यालयबाट अर्को विद्यालयमा कामकाज गर्न खटाउन सकिने छ तर कार्य सम्पादनको आधारमा सन्तोषजनक कार्य नगरेमा बीचमा पनि सरुवा गर्न सकिनेछ ।

(१५) आधारभुत तह (कक्षा ६-८) र माध्यामिक तहमा अध्यापन गर्ने शिक्षकको कामकाज गर्न खटाउदा गर्दा दरबन्दी र विषयलाई समेत आधार मानी मिलान गरिनेछ ।

१६) विद्यालयमा रिक्त रहेको कर्मचारीको पदपुर्ति गर्दा विद्यालयले गाउँपालिका शिक्षा शाखासँग समन्वय गरि पदपुर्ति गरिनेछ । कर्मचारी छनौटको पाठ्यक्रम गाउँ शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।परीक्षा दस्तुर देहाय बमोजिम हुनेछ ।

| क सं | पद/तह | दस्तुर |
|---|---|---|
| १ | माध्यमिक तह | रु. १५०० |
| २ | निम्न माध्यमिक तह | रु. १२०० |
| ३ | प्राथमिक तह | रु. १००० |
| ४ | बाल विकास सका तथा कर्मचारी | रु. ५०० |

१७) शिक्षक छनौट समिति : यस सुनकोशी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा रिक्त रहेको दरवन्दिमा शिक्षकहरुको पदपुर्ति गर्न एक शिक्षक छनौट समिति रहने छ :

क. गाउँ शिक्षा समितिको अध्यक्ष - अध्यक्ष
ख. विषय विज्ञ - सदस्य
ग. सामाजिक विकास समति संयोजक - सदस्य
घ. शिक्षक महासंघ अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - सदस्य
ङ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
च. शिक्षा शाखा प्रमुख - सदस्य - सचिव

१८. कार्यसम्पादन करार सझौता गर्नु पर्ने : शिक्षालाई प्रभावकारी बनाउन देहाय बमोजिम कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

१) गाउँपालिकाको अध्यक्षको रोवहरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग शिक्षा अधिकृतले सबै विद्यालयका प्र.अ. सँग, प्र.अ. ले आफ्ना माताहतका शिक्षक कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

२) कार्य सम्पादन करार सम्झौता १ वर्ष हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्तमा प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१९. प्रधानाध्यापकको अन्य योग्यता**

१. विद्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।

२. सामुदायिक विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिले विद्यालयमा रिक्त रहेको प्रधानाध्यापक पदमा आधारभुत तहको हकमा सम्बन्धित तहमा स्थायी भएको, शिक्षा शास्त्र विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह १-५ का लागि) १-८ का लागि शिक्षा शास्त्रमा स्नातक वा सो सरह माध्यामिक तहको हकमा

शिक्षा शास्त्र विषयमा स्नातकोत्तर वा सो सरह र मा. वि. तहमा प्रधानाध्यापक हुन कम्तिमा ३ वर्ष सेवा अवधि पूरा गरेको शिक्षकबाट निवेदन आव्हान गर्नेछ ।

३. रिक्त प्रधानाध्यापक पदमा शिक्षकहरुले विद्यालय व्यवस्थापन समिति समक्ष निवेदन तोकेको समयावधिमा विद्यालय सुधार विकास प्रस्तावना सहित दिनु पर्नेछ ।

४. उक्त निवेदन र विकास प्रस्तावना सहितको दरखास्त विद्यालय व्यवस्थापन समितिले गाउँ शिक्षा समितिमा पठाउने छ ।

५. गाँउ शिक्षा समितिले देहाय बमोजिमको मूल्याइनको आधारमा प्रधानाध्यापक पदमा नियुक्त गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने छ । प्रधानाध्यापक छनौटका आधारहरु :

| छनौटका आधारहरु : | अंक |
|---|---|
| 1. शैक्षिक योग्यता | |
| क) न्यूनतम शैक्षिक योग्यता | १५ |
| ख) माथिल्लो शैक्षिक योग्यता | १० |
| २. शिक्षण अनुभव | २५ |
| ३. तालिम | |
| (क) शैक्षिक तालिम | १० |
| (ख) विद्यालय व्यवस्थापन तालिम | २ |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ |
| ५. विद्यालय विकास प्रस्ताव | |
| क) विद्यालय विकास प्रस्ताव | १० |
| (ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ |
| ६. नेतृत्व लिने क्षमता | |
| क) गाउँ शिक्षा समितिको मूल्यांकनबाट | ५ |
| ख) व्यवस्थापन समितिको मूल्यांकनबाट | ५ |
| ग) सम्बन्धीत विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट | २ |
| जम्मा | १०० |

२०. मुल्याङकनको आधार देहाय बमोजिम हुनेछ ।

१. स्थायी शिक्षकलाई योग्यता पुगेमा प्राथमिकता दिइनेछ ।

१. क. न्यूनतम शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा न्युनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अङ्क द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइने छ । माथिल्लो शैक्षिक योग्यतावापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीका लागि १५ अङ्क द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइने छ । माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम फिल लाई जनाउँछ । नमूना विद्यालयको हकमा प्रधानाध्यापको छनौट नमुना विद्यालय सञ्चालन निर्देशिका बमोजिम हुनेछ । यस प्रावधान अनुसार प्रधानाध्यापक नियुक्त हुन नसकेको अवस्थामा विद्यालय व्यवस्थापन समितिले उपलब्ध भएसम्म स्थायी तथा माथिल्लो तहमा कार्यरत माथिल्लो योग्यता भएको शिक्षकलाई निमित्त प्रधानाध्यापक तोकी त्यसको जानकारी गाउँपालिकामा दिनु पर्नेछ ।

१. ख.  शिक्षण अनुभव वापत अङ्क प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति बर्ष जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क दिइने छ ।

३) प्रधानाध्यापकको पदावधि ३ वर्षको हुनेछ र कार्यसम्पादनको सो पदमा नियुक्त हुन सक्नेछ ।

४) नियुक्त भएका प्रधानाध्यापकको काम सन्तोषजनक नदेखिएमा निजको आचरण खराव भएको भन्ने कुरा प्रमाणित भएमा शिक्षा शाखा प्रमुखले दिएको प्रतिवेदनको आधारमा निजलाई गाँउ शिक्षा समितिले हटाउन सक्नेछ ।

(५) प्रधानाध्यापकबाट हटाउन अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन ।

(६) एक पटक प्रधानाध्यापक भएको शिक्षक प्रधानाध्यापक पदबाट हटेमा निजलाई निजले चाहेमा सोविद्यालयवाट अन्य विद्यालयमा कामकाज गर्न खटाइनेछ ।

(७) प्रधानाध्यापक माथि कुनै लिखित उजुरी परेमा निजले छानविन अवधि भर सो पदबाट हटि सो विद्यालयमा कार्यरत शिक्षककहरुमध्ये वरिष्ठतम शिक्षकलाई निमित्त दिनु पर्नेछ र निज प्र.अ. माथि परेको उजुरीमा निजले सफाई पाएमा पुन सो पदमा पद बहाली हुनेछ ।

८) सामुदायिक विद्यालयको प्रधानाध्यापक अनुपस्थित रहेमा वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्मको लागि विद्यालयमा काम गर्ने शिक्षककहरुमध्ये वरिष्ठतमको आधारमा निमित्त भई कामकाज गर्न सकिने छ ।

**२१. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१) विद्यालयमा शैक्षिक वातावरण गुणस्तर अनुशासन कायम राख्ने,

२) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

३) विद्यालयमा अनुशासन सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

४) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा संचालन सम्बन्धी कार्यक्रम तयार गर्न तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा संचालन भए नभएको निरीक्षण गर्न,

(५) विद्यालयमा सरसफाई अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्न गराउने,

६) विद्यालयको प्रशासनिक कार्यको संचालन तथा नियन्त्रण गर्न,

(७) विद्यालयमा विद्यार्थी भर्ना गर्न तथा परीक्षा संचालन गराउने,

८) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

९) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने,

१०) कुनै शिक्षक वा कर्मचारीले विद्यालयलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(११) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने,

१२) शिक्षक र कर्मचारीलाई दिएको सजायको अभिलेख राख्ने तथा त्यस्ता अभिलेख स्थानीय शिक्षा अधिकारीले तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(१३) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धि प्रतिवेदन गाउँ शिक्षा समिति तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(१४) शिक्षक तथा कर्मचारीलाई सजाय तथा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

१५) महिनाको कम्तिमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

१६) विद्यालयको स्रोतबाट तलव भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

१७) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

(१८) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी मासिक अर्ध वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

१९) विद्यालयको वार्षिक कार्ययोजना व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

२०) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई गाउँ शिक्षा समितिमा पठाउने,

२१) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेम कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(१७) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

१८) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी मासिक अर्ध वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

१९) विद्यालयको वार्षिक कार्ययोजना व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

२०) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई गाउँ शिक्षा समितिमा पठाउने,

(२१) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्कासन गर्ने,

२२) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने,

२३) विद्यालय व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्न र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

२४) विद्यालयमा संचालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढंगबाट संचालन गर्ने गराउने,

२५) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म १५ प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

२६) विद्यालयमा दैनिक रुपमा मन्त्रालयले तोकबमोजिम कक्षा लिने तथा लिन लगाउने-

२७) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियुक्ति पाई कार्यरत रहेका शिक्षकको तलबी प्रतिवेदन पारित गर्न गाउँ शिक्षा समिति पठाउने,

२८) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने, अटेर गरेमा कार्वाहीको लागि प्र.अ. ले वि.व्य.स.लाई जानकारी गराई शिक्षा शाखामा सिफारिस गर्ने,

२९) गाउँ शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने,

३०) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारि त ढाँचा र समयभित्र निरीक्षणद्वारा प्रमाणित गराई गाउँ शिक्षा समितिमा पठाउने,

३१) विद्यालयको आफ्नो स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

३२) शिक्षक, कर्मचारी, विद्यार्थी अभिभावक विद्यालय हाता मित्र अटेर गर्ने, अपशब्द बोल्ने होहल्ला गर्नेलाई कार्वाही गर्ने मुद्दा समेत चलाउने,

## परिच्छेद- ६

### २२. विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र मातृभाषामा शिक्षा विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्दा देहाय अनुसार गर्नुपर्ने छ :

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्डमा नघटाई सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही गाउंपालिकाको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न सक्ने भौगोलिक वातावरण अनुरुपको स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) कक्षा १-८ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम स्थानीय पाठयक्रम निर्माण गरी लागु गर्न सकिनेछ ।

(३) विद्यालयले गाउँपालिकाले योजना बनाई प्राविधिक शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने छ ।

(४) माध्यामिक तहको लागि स्थानिय स्रोतको प्रयोगमा आधारित उद्योग सञ्चालन गर्न व्यवसायिक विषय अध्यापन हुनेछ ।

५) गाउँपालिकाभित्रको विद्यालयहरुका सबै शिक्षकसँग पाठ्यक्रम हुनु पर्ने छ ।

६) सबै विद्यार्थीको हातमा पाठ्यपुस्तक हुनु पर्नेछ । शैक्षिक सत्र शुरु भएको १५ दिन भित्र विद्यार्थीहरुले पाठ्यपुस्तक पाइ सक्नु पर्नेछ ।

३) शैक्षिक सत्रको शुरुमा विद्यार्थीहरुलाई पाठ्यक्रम प्रबोधिकरण गर्नुपर्नेछ । यस्तो कार्यक्रममा विद्यालयले अभिभावक समेतको सहभागिता गराउने प्रवास गर्नु पर्ने छ ।

२. मातृभाषाको शिक्षा सम्बन्धी देहाय अनुसार गरिने छ ।

- प्रत्येक विद्यालयले आफ्नो वरपर बोलिने मातृभाषाको विवरण तयार पार्ने र गाउ शिक्षा समितिमा पेश गर्ने ।
- मातृ भाषामा पढाइ हुने विद्यालयले पाठ्यक्रम विकास केन्द्रले तयार पारेको ठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था गर्नु पर्ने छ ।

गाउँपालिकाभित्रका सबै विद्यालयहरुका शिक्षकहरुलाई विद्यालय वरपर बोलिने भाषाको आधारभूत सीप जस्तै :- निर्देशन दिने, परिचय बताउने, प्रश्न सोध्न सक्षम बनाउनु पर्ने छ । विद्यालयले स्थानीय पाठ्यक्रम अनिवार्यरुपमा कार्यान्वयन गर्नु पर्ने छ ।

## परिच्छेद- ७

### २३. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण र सम्पत्ति सम्बन्धी व्यवस्था

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि छात्रवासको सुविधा सहित अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परिक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

५) विद्यालयको कुनै पनि भौतिक पूर्वाधार जस्तै गारो, छानो, झ्याल ढोका, कक्षाको भुई, शौचलय, खाने पानी एवं अन्य पूर्वाधारहरु तथा फर्निचर जीर्ण भएको अवस्थामा तत्काल मर्मतको व्यवस्था मिलाउनु पर्नेछ ।

६) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस कार्यविधि बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच विखन गरी प्राप्त भएको र कम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

७) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरि एकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

८) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

९) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमाकुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अधि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकार को स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

११) व्यक्तिको जग्गा त्रुटी बस विद्यालयको नाममा स्वामित्वमा पर्न आएको भए छानवीन गरी सही ठहरिएमा सम्बन्धित व्यक्तिलाइ हस्तान्तरण गरिनेछ ।

१२) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्याल म्यात प्राप्त गर्नु आध नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१३) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकार को स्वीकृति बिना बेचविखन गर्न पाइने छैन ।

१४) व्यक्तिको जग्गा त्रुटी बस विद्यालयको नाममा स्वामित्वमा पर्न आएको भए छानवीन गरी सही ठहरिएमा सम्बन्धित व्यक्तिलाइ हस्तान्तरण गरिनेछ ।

१५) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन वमोजिम भोग चलन गर्न सक्ने छ ।

१६) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ

१७) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

परिच्छेद ८

## शिक्षक विकास

**२४. शिक्षक विकासको लागी देहाय बमोजिमको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।**

१. विद्यालयले शिक्षकको योग्यता, तालिम र अनुभव खुल्ने तथ्याङ्क भरी गाउँपालिकाशिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

२. गाउँपालिकाले शिक्षकको तालिम स्थिति विश्लेषण गरी तालिम प्राप्त र अप्राप्त शिक्षकको नाम नामेसी तयार गरी राख्नेछ ।

३. तालिम चाहने शिक्षकले गा.पा.मा तालिम माग गरी शैक्षिक तालिम केन्द्रले तोकेको ढाँचामा तालिम माग फारम बुझाउनु पर्नेछ । यस्तो माग फारम शैक्षिक सत्र शुरु भएको २ महिना भित्र बुझाइ सक्नु पर्नेछ ।

४. गाउँपालिकाले आफ्नो गाउँपालिकाभित्रका तालिम प्रदायक संस्थाहरुसँग समन्वय गरी तालिम माग गर्न प्रोत्सहित गर्नेछ ।

५. तालिम माग गर्ने शिक्षकले तालिमबाट फर्के पछि विद्यार्थीको नतिजामा आउने परवर्तन समेतको प्रस्ताव पेश गर्नु पर्नेछ । प्र. अ. को हकमा विद्यालय विकास प्रस्ताव अनिवार्य हुनेछ ।

६. प्र.अ., शिक्षक तालिमबाट फर्केपछि अनिवार्य रुपमा आफ्ना साथिहरुसँग अनुभव आदान प्रदान गर्नु पर्नेछ । यस्तो अनुभव आदान प्रदान मा वि.व्य.स. र शिक्षक अभीभावक संघका पदाधिकारीहरु समेतलाई आमन्त्रणा गर्नु पर्नेछ ।

७. शिक्षकले एक शैक्षिक सत्रमा आफुले पढाउने विषयको एउटा घटना अध्ययन र एउटा कार्य मुलक अनुसन्धान गर्नु पर्नेछ ।वर्ष भरिमा अनुसन्धान गरी विद्यालयको नतिजामा सुधार ल्याउने शिक्षकलाई गाउँपालिकाले यथोचित पुरस्कृत गर्नेछ ।

९. आफ्नो गाउँपालिकाभित्रका शिक्षकहरुलाई गाउँपालिकाले शिक्षण विधि सँग सम्बन्धीत अनलाइन कोर्सशरु उपलब्ध गराउनेछ । गाउँपालिकाले इ लाइब्रेरीको स्थापना गरी आफ्नो गाउँपालिकाभित्रको शिक्षकहरुलाई यस्तो कोर्सको सुविधा उपलब्ध गराउने ।

**परिच्छेद- ९**

## विद्यार्थी सहयोग

२५. प्रत्येक विद्यालयले देहाय वमोजिमका विद्यार्थी सहयोग कार्यक्रम सञ्चालन र्नुपर्नेछ ।

क) बालविकास केन्द्रका बालवालिकाहरुको लागि मनोरञ्जनात्मक खेल सामग्री र खेल्ने मैदान, शौचालय र रमाइलो कक्षा कोठाको व्यवस्था गर्ने ।

ख) विद्यार्थीहरुका अभिभावक सँग सम्पर्क समन्वय राखी वालवालिकाहरुको रुची, आवश्यकता उत्कृष्ठताको जानकारी दिने र लिने ।

ग) बालबालिकाहरुको पारिवारिक पृष्ठभूमीको जानकारी संकलन गर्ने ।

घ) बालवालिकाहरुलाई सामुदायिक कार्य गराउदा शिक्षक संगै बसी अभिभावकको भुमिका निर्वाह गर्ने । ङ) आधारभूत तहदेखि माविका बालवालिकाहरुलाई कम्तीमा २ महिनाको एक पटक विज्ञ वा गाउँ, शहर वा अनुभवीबाट शैक्षिक परामर्श दिने व्यवस्था गर्ने ।

च) विद्यालयमा प्राथमिक उपचारको सामग्री राखी बालवालिकाहरुलाई सेवा उपलब्ध गराउने ।

छ) गाउँका / देशका विद्वानबाट देश विकास वा समस्या समाधानमा विशेष अनुभव भएका व्यक्तिबाट स्रोत कक्षा लिने व्यवस्था गर्ने ।

ज) विद्यालय समयमा समस्या देखिएका बालबालिकाहरुलाई अभिभावकको पहुचमा पुयाइ दिने ।

झ) विद्यालयमा पुस्तकालयको व्यवस्था गर्ने ।

## परिच्छेद- १०

२६. विद्यालयले मूल्याङ्कन सम्बन्धी देहायको व्यवस्था गर्नुपर्ने छ ।

१. पाठ्यक्रमले तोकेका मूल्याङ्कनका साधनहरु प्रयोग गर्ने ।

२. आन्तरिक परीक्षाको नतिजा बढीमा ३ दिन भित्र सार्वजनिक गर्ने ।

३. मूल्याङ्कनमा कमजोर विद्यार्थीहरुको सुची तयार गर्ने र त्यसको लागि उपाचारात्मक कक्षाको व्यवस्था गर्ने ।

४. अभिभावकलाई विद्यार्थीको मुल्याङ्कन प्रतिवेदन दिने ।

५. गाउँपालिकाले कम्तीमा तीन महिनाको एक पटक आफ्नो क्षेत्र भित्रको विद्यालयका विद्यार्थीको उपलब्धी मुल्याङ्कन गर्ने ।

६. गाउँपालिका शिक्षा शाखाले विद्यालयको निरीक्षण गर्दा निरीक्षण गरेको दिन शैक्षिक सत्र शुरु भएको मिति देखि विद्यालय खुलेको दिन र शिक्षक हाजिरी संकलन गर्ने

७. निरीक्षणको समयमा विद्यार्थी अन्तरक्रिया गरी सिकाइको सबल र दुर्बल पक्षहरुको संकलन गर्ने ।

८. प्रत्येक शैक्षिक सत्रको अन्त्यमा विद्यार्थीको सिकाई उपलब्धिको आधारमा सर्बोत्कृष्ट विद्यालय र शिक्षक छनौट गरी पुरस्कृत गर्ने ।

९. संस्थागत विद्यालयहरुमा तोकिएको पाठ्यपुस्तक र पाठ्यक्रमको प्रयोग छ कि छैन सो को रेकर्ड संकलन गर्ने ।

१०. संस्थागत विद्यालयहरुका शिक्षक अध्यापन अनुमति पत्र र तलब सुविधाको रेकर्डको जाँच गर्ने ।

११. संस्थागत विद्यालयहरुको शुल्क, छात्रवृत्ति र छात्रवृति प्रदान गर्दा अपनाइएको प्रकृयाहरुको रेकर्ड जाँच गर्ने ।

## परिच्छेद ११

**२७. आर्थिक कार्यविधि**

१. विद्यालयले आफूलाई प्राप्त निकासा रकम शीर्षक खोली आम्दानी बाधी राख्नु पर्छ । यो कार्यको जिम्मेबारी प्र.अ. र लेखा सम्बन्धी कर्मचारीको हुनेछ ।

२. विद्यालयले बार्षिक कारेवारको प्राक्युरमेन्ट प्लान बनाई विव्यस बाट स्वीकृत गराउने र सोको प्रति गाउँपालिकामा पठाउनु पर्नेछ ।

३. विद्यालयले रकम जुन शिर्षकमा निकासा भएको हो त्यही शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ । तलब भत्तामा निकासा भएको रकम बढी हुन आएमा तत्काल गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

४ विद्यालयले रकम खर्च गर्दा विल भर्पाइ निवेदन र गोश्वार उठाई खर्च लेख्नु पर्नेछ ।

५. विद्यालयले शिक्षा नियमावलीले तोकेका १-१० मलेप फारमहरु दुरुस्त राख्नु पर्नेछ ।

**२८. अनौपचारिक शिक्षा सम्बन्धी**

१. गा.पा.ले गाउँपालिकाभित्रको साक्षरताको स्थिती झल्काउन नाम नामेसी सहितको विवरण संकलन गरी अध्यावधिक गर्नेछ ।

२. गाउँपालिकाभित्र उच्तम विद्यालय वा सिएलसी मार्फत सिपमूलक तालिमको व्यवस्थ रिनेछ । सीपमूलक तालिमका सहभागीहरुको आवश्यकताको विवरण सम्बन्धित सिएलसी मार्फत गरिने छ ।

३. गाउँपालिकाले अनौपचारिक शिक्षा र निरन्तर शिक्षाको लागि सम्बाद, प्राविधिक सल्लाह र अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्नेछ ।

**२९. सामुदायिक सिकाइ केन्द्र सम्बन्धी व्यवस्था**

१.यो कार्यविधि लागु भएको १ महिना भित्र सामुदायिक सिकाइ केन्द्रहरुले आफ्नो आय-व्यय, कार्य र कर्मचारी विवरण गा.पा.मा पेश गर्नुपर्ने छ ।

२. सामुदायिक सिकाई केन्द्रहरुमा सन्दर्भ सामग्रीको व्यवस्था गर्नुपर्ने छ ।

## परिच्छेद- १२

**३०. प्रारम्भिक बालशिक्षा, निरन्तर शिक्षा अनौपचारिक शिक्षा**

*प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनको लागी देहाय बमोजिमको प्रकृया अबलम्वन गर्नु पर्नेछ ।*

१. बालवालिकाहरु विद्यालयहरुमा मात्र हुनेछन् ।

२. बाविकेको सञ्चालन गर्ने विद्यालयहरुले

३. बाबिकेका कोठामा राउन्ड टेवल, कार्पेट, कुसन र खेलसामाग्रिहरुको व्यवस्था गरिएको हुनु पर्नेछ ।

४. बाविकेको सहयोग कार्यकर्ताले अनिवार्य रुपमा १० दिने तालिम लिएको हुनुपर्नेछ । बाबिकेले सकाहरुको नियुक्ति योगयतार अनुभवस हितको विवरण यो कार्य विधि लागु भएको १ महिना भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

५. अभिभावकले आफ्ना बालबालिकाहरु बाबिसे सम्म ल्याउन लागु पर्नेछ । ठुलो कक्षा संचालन भएका विद्यालयहरुले माथिल्लो कक्षाका विद्यार्थीहरुको सहयोग लिई बालवालिकाहरुलाई लाने र ल्याउने व्यवस्था गर्नेछ ।

६. बाल बिकास केन्दको सिकाई पुरै खेल विधिमा आधारित र हिंसा रहित हुनु पर्नेछ

७. बालबालिकाहरुलाई सके सम्म ताजा र स्थानीय तहमै उपलब्ध भएको खाजा खुवाउने/ल्याउने प्रबन्ध मिलाउनु पर्नेछ ।

८. बाबिकेको कक्षामा स्वच्छ हावा आवत जावत गर्ने र प्रकाशको राम्रो प्रबन्ध हुनु पर्नेछ ।

९. बाल विकास केन्द्र संचालन नभएका विद्यालयहरुमा घेरावार, पानीको खाडल नभएको र विद्यालय हातामा बालस्वास्थयलाई हानि पुर्याउने कुनै पनि चिजबस्तुहरु हुनु हुँदैन ।

१०. बाल विकास केन्द्र सन्चालन गर्ने विद्यालयहरुले शिक्षा विभागले जारी गरेकोबाल सिकाई निर्देशिकाको अनुसरण गर्नु पर्नेछ ।

११. प्रत्येक बाल बिकास केन्द्रले बालविकाको फोटो सहितको प्रोफाइल राख्नु पर्नेछ ।

१२. महिला शिक्षिकाहरुको माइती तर्फको बाबु र आमाको मृत्यु भएमा निजको मृत्यु संस्कार अनुसार क्रिया बिदा दिइने छ ।

## परिच्छेद- १३

### ३१. विविध

१. गाउँपालिकाभित्रका संस्थागत विद्यालयको शुल्क गाउँपालिकाले शिक्षा विभागको संस्थागत विद्यालय संचालन निर्देशिका २०६९ बमोजिम तोक्न सक्नेछ ।

२. यस गाउँपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुले आर्थिकरुपले विपन्न गरीब १० प्रतिसत बालवालिकालाई छात्रवृति प्रदान गर्नुपर्ने छ ।

३. शिक्षक प्रोत्साहन कार्यक्रम

क. स्थानीय भत्ताको ब्यावस्था

आधारभुत तहमा स्नातकोत्तर तह उर्तिण र माध्यमिक तहमा एम. फिल. वा सो 'भन्दा माथिल्लो योग्यता हासिल गरेका र विद्यालयलाई आवस्यक परी माथिल्लो तहमा शिक्षण गर्ने शिक्षकलाई मासिक क्रमस रु पाँच सय र रु एक हजार को व्यवस्था गर्न सकिने छ ।

**विद्यालय तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम**

१. विद्यालय प्रोत्साहनका लागि विद्यालयको भौतिक व्यवस्था, सम्पादन गरेका तर कार्यहरुका आधारमा सूचकहरु निर्माण गरि प्राप्ताङ्कको आधारमा प्रोत्साहन गरिनेछ ।

२) कक्षा ८, १० र कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने छात्र / छात्रालाई गाउँ शिक्षा शाखाको सिफारिसमा गाउँ कार्यपालिकाले तोके बमोजिम पुरस्कृत गरिनेछ ।

(ग) गाउँपालिकामा जगेडा शिक्षकाको व्यवस्था गरिनेछ ।

४. यो शिक्षा कार्यविधि आवश्यकता अनुसार संशोधन गरिनेछ ।

**शंसोधनको सारांश**

परिच्छेद २ दफा ३ को उपदफा २ को ***गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिका अध्यक्षले*** भन्ने शब्दलाई ***गाउँ शिक्षा समितिले*** बनाइएको

परिच्छेद २ दफा ३ को उपदफा ३ को ***गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिका अध्यक्षले*** भन्ने शब्दलाई ***गाउँ शिक्षा समितिले*** बनाइएको

परिच्छेद २ दफा ३ को उपदफा ४ को १ मा ***कक्षा १-३ मा १५ र कक्षा १-५ मा २०*** थप गरिएको
परिच्छेद २ ५.२ झ मा ***उपलब्ध दरबन्दी र विद्यालय*** थप गरीएको

परिच्छेद ३ दफा ५ को उपदफा १ को ***ख*** थप गरिएको, ***घ*** को ***छानी पठाएको*** हटाइएको च मा ***२*** लाई ***३*** बनाइएको, ***झ हटाइएको, ञ मा १ सदस्य थप गरी २ जना बनाइएको*** उपदफा २ को ***२ बर्षलाई ३ बर्ष*** बनाइएको

दफा ५ उपदफा ८ मा ***ग*** थप गरिएको ९ ***ग*** मा ***शिक्षासँग सम्बन्धित*** थप गरिएको घ मा ***वडा शिक्षा समिति*** थप गरिएको उपदफा २ क को ***बाबुआमा*** को सट्टा ***अभिभावक*** बनाइएको उपदफा ३ मा ***पदावधि ३ बर्ष*** बनाइएको उपदफा ४ को ***ख र ग*** हटाइएको उपदफा ७ को स्रोत केन्द्र हटाइएको उपदफा १० छ को ***पदका लागि योग्य उम्मेदबार*** हटाइएको उपदफा १२ को २ मा ***पदावधि ३ बर्ष बनाइएको,***

परिच्छेद ४ दफा १४ को उपदफा ४ मा ***सामान्यतया*** थप गरिएको उपदफा १५ ख मा ***तर माध्यमिक तथा निम्न माध्यमिक तहमा स्थानीय अनुदान तथा संघीय शिक्षण सहयोग अनुदानमा अंग्रेजी गणित तथा विज्ञान विषयमा पहिलो पटकको विज्ञापनमा अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको आवेदन नपरेमा दोस्रो पटकको विज्ञापनमा अध्यापन अनुमति पत्र नभएको सम्बन्धित शैक्षिक योग्यता पुगेको व्यक्ति पनि उम्मेदवार हुन सक्नेछ । विना अध्यापन अनुमति प्राप्त शिक्षक नियुक्ति भएमा शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्रको विज्ञापन नगरेको अवस्थामा वाहेक १ बर्षभित्र अध्यापन अनुमति पत्र पेश गर्नु पर्नेछ*** थप गरिएको ।

परिच्छेद ५ दफा १७ १ र २ मा *२ बर्ष स्थायी सेवा गरेको* बनाइएको र *आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहको लागि विज्ञ उपलब्ध नभएमा अन्य पालिकामा सूचिकृत विज्ञहरुलाई समेत प्रयोग गर्न सकिने छ* थप गरिएको उपदफा १४ को *तीन बर्षलाई आवस्यकता अनुसार र कार्यसम्पादनको आधारमा* बनाइएको र *सरुवालाई कामकाज गर्न* बनाइएको उपदफा १६ मा *कर्मचारी छनौट को पाठ्यक्रम र परीक्षा दस्तुर* सम्बन्धी प्रावधान थप गरिएको उपदफा १७ को छनौट समिति तपसिल बमोजिम बनाइएको ।

| | |
|---|---|
| *क. गाउँ शिक्षा समितिको अध्यक्ष* | *- अध्यक्ष* |
| *ख. विषय विज्ञ* | *- सदस्य* |
| *ग. सामाजिक विकास समति संयोजक* | *- सदस्य* |
| *घ. शिक्षक महासंघ अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य* | *- सदस्य* |
| *ङ. प्रमुख प्रशासकीय अधिकृत* | *- सदस्य* |
| *च. शिक्षा शाखा प्रमुख* | *- सदस्य- सचिव* |

उपदफा १९ मा *सम्बन्धित तहमा स्थायी भएको* थप गरिएको

दफा २० १ मा *१ क. न्यूनतम शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा न्युनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अङ्क द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइने छ । माथिल्लो शैक्षिक योग्यतावापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीका लागि १५ अङ्क द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइने छ । माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम फिल लाई जनाउँछ । नमूना विद्यालयको हकमा प्रधानाध्यापको छनौट नमुना विद्यालय सञ्चालन निर्देशिका बमोजिम हुनेछ । यस प्रावधान अनुसार प्रधानाध्यापक नियुक्त हुन नसकेको अवस्थामा विद्यालय व्यवस्थापन समितिले उपलब्ध भएसम्म स्थायी तथा माथिल्लो तहमा कार्यरत माथिल्लो योग्यता भएको शिक्षकलाई निमित्त प्रधानाध्यापक तोकी त्यसको जानकारी गाउँपालिकामा दिनु पर्नेछ ।*

*१ ख शिक्षण अनुभव वापत अङ्क प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति बर्ष जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क दिइने छ* थप गरिएको उपदफा २ हटाइएको, उपदफा ६ को *यथाशीघ्र* लाई *निजले चाहेमा* बनाइएको

परिच्छद ६ दफा २२ १ को ***सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्न सक्नेछ*** हटाइएको, २२ २ लाई ***कक्षा १-८ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम स्थानीय पाठयक्रम निर्माण गरी लागु गर्न सकिनेछ*** बनाइएको ***विद्यालयले स्थानीय पाठ्यक्रम अनिवार्यरुपमा कार्यान्वियन गर्नु पर्ने छ*** थप गरिएको ।

परिच्छेद ११ ३ को ***असार मसान्तलाई तत्काल*** बनाइएको

परिच्छेद १३ को ***गाउँपालिकाले सिफारिश गरेक २० प्रतिसतलाई १० प्रतिसत बनाइएको, उपदफा ३ क को गाउँपालिकाले आफ्नो क्षेत्रलाई सुविधाका दृष्टिले तीन वर्गमा विभाजन गरी शिक्षकहरुलाई प्रोत्साहान स्वरुप थप मासिक भत्ता ख र ग वर्गको क्षेत्रको लागि क्रमस रु तीन सय र पाँच सय को व्यवस्था गरीनेछ*** हटाइएको र ***आधारभुत तहमा स्नातकोत्तर तह उर्तिण र माध्यमिक तहमा एम. फिल. वा सो 'भन्दा माथिल्लो योग्यता हासिल गरेका शिक्षकलाई मासिक क्रमस रु पाँच सय र रु एक हजार को व्यवस्था गरीनेछ*** लाई ***आधारभुत तहमा स्नातकोत्तर तह उर्तिण र माध्यमिक तहमा एम. फिल. वा सो 'भन्दा माथिल्लो योग्यता हासिल गरेका र विद्यालयलाई आवस्यक परी माथिल्लो तहमा शिक्षण गर्ने शिक्षकलाई मासिक क्रमस रु पाँच सय र रु एक हजार को व्यवस्था गर्न सकिने छ*** बनाइएको ।